अनुसूची-१६
(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री बगाले सामुदायिक वन उपभोक्ता समूह

## सरुमारानी गाउँपालिका वडा नं.-२, प्यूठान

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना

### प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०४।२५

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०८२/८३ मा समूहको स्वीकृत वन कार्ययोजना अनुसार कटान मुछान गरि उत्पादन भएका सामुदायिक वनको १४ नम्बर (काइगेबाल ख.व.स. दि. प. कां.नजिक) स्थलमा घाटगद्दी गरी राखेको तपसिल बमोजिमका वन पैदावारहरु श्री डिभिजन वन कार्यालय प्यूठानको च.नं. ४६, मिति २०८३।०४।२० गतेको लिलाम सहमती प्राप्त भएकोले जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका उद्यमी काठको कारोबार गर्ने सूचिकृत फर्महरुले यो सूचना मिति २०८३/०४/२५ गतेको नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र कार्यालय समयमा यस समूहको कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ

तपसिल

१. लिलाम सम्बन्धि वन पैदावारको विवरण

| लट नं. | जात | ग्रेड | गोलिया थान | ईकाई (घ.फि.) | परिमाण | जम्मा न्यूनतम मुल्य प्रति क्यू फिट रु. |
|---|---|---|---|---|---|---|
| १/२०८२-०८३ | असना | A | ५५ | क्यु. फि. | ९८३.८२ | ३९३५२८ |
| | | B | ५५ | | ४८०.६७ | १४४२०१ |
| | | C | १६० | | ७६०.१० | ७६०१० |
| | जम्मा | | २७० | | २२२४.५९ | ६१३७३९ |
| | साल | | दाउरा | चट्टा | ३ | ३६००० |
| | मिश्रित साल बाहेक | | | | ९ | ३६००० |
| | कुल जम्मा (काठ र दाउरा) | | | | | ६८५७३९ |

ख) खरिद मिति २०८३/०५/१४ कार्यालय समयभित्र

ग) दाखिला मिति २०८३/०५/१५ गते दिनको १.०० बजे

घ) बोलपत्र खोल्ने २०८३/०५/१५ दिनको २.०० बजे

*नोट - १. बोलपत्र दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट दाखिला र खोलिनेछ।*

२. बोलपत्रसाथ कबुल गरेको रकमको १०%(प्रतिशत) ले हुन आउने रकम बोलपत्र खरिद गरेको वन उपभोक्ता समुहको नेपाल बैंक लिमिटेड खलंगा शाखा प्यूठानमा रहेको यस समूहको खाता नं. ०५२००१००७५१८६५०००००१ (BAGALE.SHA. BA. U. SHA.) मा दाखिला गरेको नगद जम्मा गरेको सक्कलं बैंक भौचर समावेश भएको हुनुपर्नेछ वा बैंक ग्यारेन्टी समावेश गर्न सकिनेछ। अन्यथा बोलपत्र मूल्याँकनमा समावेश गरिने छैन।

३. सकारकर्ताले सकार रकममा संकलन खर्च बोलपत्रमा उल्लेख भए बमोजिम थप बुझाउनु पर्नेछ।

४. बोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारित संचालनमा रहेको उधमको डिभिजन वन कार्यालयमा सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपी, वन पैदावार कारोवार दर्ता प्रमाण पत्र, कारोबारको पान/भ्याट दर्ता तथा नविकरण, करचुक्ता प्रमाण पत्र (नयाँको हकमा करचुक्ता नपर्ने) को प्रतिलिपीको साथमा

५. लिलाम बढावढ हुने वन पैदावार कार्यालय समय भित्र घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ र सकार कर्ताले मालवस्तु जे जो अवस्थामा छ, सोही अवस्थामा उठाई लैजानु पर्नेछ।

६. रित पूर्वक पर्न आएका, दाखिला भएका बोलपत्रहरू यस उपभोक्ता समूहको कार्यालयमा सव डिभिजन वन कार्यालय, स्थानीय तह तथा अन्य सरकारी कार्यालयको रोहवरमा खोलिने छ। बोलपत्र खोलिने दिन सकार कर्ताहरू उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन।

७. खोलिएका बोलपत्रहरु नियम अनुसार मूल्याँकन गरी लिलाम स्वीकृत भई डि. व .का. प्यूठानबाट समर्थन प्राप्त भए पश्चात सोको जानकारी सम्बन्धित पक्षले सकार रकम, मूल्य अभिवृद्धि कर तथा संकलन खर्च ४५ दिन भित्र दाखिला गरी माल वस्तु उठाई लैजानु पर्ने छ अन्यथा नियम अनुसार हुनेछ।

८. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

९. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार सामुदायिक वन उपभोक्ता समूहलाई हुनेछ।

१०. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

CamScanner